आज मिति २०८१ साल पुष २३ गते विहान ११:०० बजे मंगलवारका दिन यस ठाँटीकाँध गाउँपालिकाको ४७ औं कार्यपालिका बैठक गाउँपालिकाका अध्यक्ष श्री रक्ष बहादुर शाह ज्यू को अध्यक्षतामा देहाय अनुसारका पदाधिकारीज्यूहरुको उपस्थितिमा सञ्चालन गरियो।

<u>उपस्थिति</u>

| क सं | पदाधिकारीको नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री रक्ष बहादुर शाह | गाउँपालिका अध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री देवीराम वडुवाल | गाउँपालिका उपाध्यक्ष | ठाँटीकाँध गापा दैलेख | |
| ३ | श्री तुलसी प्रसाद उपाध्याय | प्रमुख प्रशासकीय अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| ४ | श्री चक्र बहादुर वि.क. | वडाध्यक्ष | ठाँटीकाँध गापा १ दैलेख | |
| ५ | श्री प्रेम बहादुर मगर | वडाध्यक्ष | ठाँटीकाँध गापा २ दैलेख | |
| ६ | श्री भरत बहादुर वम | वडाध्यक्ष | ठाँटीकाँध गापा ३ दैलेख | |
| ७ | श्री केहरसिंह कठायत | वडाध्यक्ष | ठाँटीकाँध गापा ४ दैलेख | |
| ८ | श्री लाल बहादुर शाही | वडाध्यक्ष | ठाँटीकाँध गापा ५ दैलेख | |
| ९ | श्री जोरासिंह रोकाया क्षेत्री | वडाध्यक्ष | ठाँटीकाँध गापा ६ दैलेख | |
| १० | श्री कल्पना थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| ११ | श्री प्रतिमा नेपाली | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १२ | श्री प्रेमा कामी | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १३ | श्री मिठ्ठु थापा | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १४ | श्री रमेश वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| १५ | श्री रुपा थापा वि· क· | गाउँ कार्यपालिका सदस्य | ठाँटीकाँध गापा दैलेख | |
| आमन्त्रित कर्मचारीहरु | | | | |
| १ | श्री हरि बहादुर शाही | सूचना प्रविधि अधिकृत | ठाँटीकाँध गापा दैलेख | |
| २ | श्री भुपेन्द्र बहादुर शाही | कार्यक्रम संयोजक | ठाँटीकाँध गापा दैलेख | |
| | | | | |

Scanned with CamScanner

मिति २०८१/०९/२३ गतेको ४७ औं गाउँ कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्तावहरु :

प्रस्ताव नं. १

नेपाल रेडक्रस सोसाईटी दैलेख जिल्ला शाखालाई संस्थागत सहयोग उपलब्ध गराउने सम्बन्धमा।

प्रस्ताव नं.२

गाउँसभाको १६ औं अधिवेशनमा पेश गरिने प्रस्ताव सम्बन्धमा ।

प्रस्ताव नं.३

ठाटीकाँध गाउँपालिकाको गत आ ब २०८०।०८१ को संस्थागत स्वमुल्यांकन अनुमोदन सम्बन्धमा ।

प्रस्ताव नं.४

प्राथमिक स्वास्थ्य केन्द्रमा रिक्त अ न मी पद करार सेवामा पदपूर्ति गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.५

कार्यविधि स्वीकृत गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.६

शिक्षक वालविकास र विद्यालय कर्मचारीहरुको साविक पारिश्रमिक पुनरावलोकन सम्बन्धमा ।

प्रस्ताव नं.७

शहिद स्मृती गेट निर्माण ठाटीकाँध गाउँपालिका दैलेख योजना

प्रस्ताव नं.८

साहित्यकार श्री दिपीन सिजापतिलाई सम्मानित तथा पुरस्कृत गर्ने सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं १

प्रस्ताव नं. १ माथि छलफल गर्दा नेपाल रेडक्रस सोसाईटी दैलेख जिल्ला शाखालाई संस्थागत सहयोग स्वरुप पच्चीस हजार चालु आ ब को विविध आकस्मिक शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल गर्दा भोलि मिति २०८१।०९।२४ गते बुधवारका दिन सञ्चालन हुन गईरहेको गाउँसभाको १६ औं अधिवेशनमा पेश गर्ने गरी देहायका प्रस्तावहरु स्वीकृत गर्ने निर्णय गरियो।

तपसिल

| क्र सं | प्रस्तावको व्यहोरा |
|---|---|
| १ | चालु आ ब २०८१।०८२ को हालसम्मको आय व्यय अनुमोदन सम्बन्धमा । |
| २ | विनियोजन ऐन २०८१ अनुसार स्वीकृत चालु आ ब २०८१।०८२ को बार्षिक योजना तथा |

| | |
|---|---|
| | कार्यक्रम संशोधन सम्बन्धमा । |
| ३ | सामाजिक सुरक्षा नीति २०८१ पेश गर्ने सम्बन्धमा । |
| ४ | ठाटीकाँध गाउँपालिका र अन्तर्गत कार्यरत अस्थायी तथा करार कर्मचारीहरुको म्याद थप सम्बन्धमा । |
| ५ | मिति २०८१।०४।०१ देखि आजसम्मका कार्यपालिका बैठक र कार्यपालिकाको कार्यालयबाट भएका प्रशासनिक निर्णयहरु अनुमोदन सम्बन्धमा । |
| ६ | चालु आ ब २०८१।०८२ को हालसम्मको प्रगति समीक्षा सम्बन्धमा । |
| ७ | अन्य विभिन्न नीतिगत निर्णयहरु पारित गर्ने सम्बनधमा । |

**निर्णय नं ३**

प्रस्ताव नं.३ माथि छलफल गर्दा यस ठाटीकाँध गाउँपालिकाको गत आ ब २०८०।०८१ को संस्थागत स्वमुल्यांकन गरी श्री जिल्ला समन्वय समितिको कार्यालय दैलेखमा पठाउने र आवश्यक पृष्ठपोषण पश्चात् सो नतिजा प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं ४**

प्रस्ताव नं.४ माथि छलफल गर्दा प्राथमिक स्वास्थ्य केन्द्रको प सं २०८१।०८२,चलानी नं ५२ र मिति २०८१।०९।१९ को पत्रानुसार उक्त प्रा स्वा के मा रिक्त रहन गएको अ न मी पद संख्या १ करार सेवामा पूर्ति गर्ने र सो का लागि सात दिने सूचना प्रकाशन गरी दरखास्त आव्हान गर्ने निर्णय गरियो।

**निर्णय नं ५**

प्रस्ताव नं.५ माथि छलफल गर्दा माथि छलफल गर्दा ठाटीकाँध गाउँपालिका मेलमिलाप केन्द्र संचालन सम्बन्धी कार्यविधि, २०८१ सम्बन्धी आवश्यक छलफल गरी स्वीकृति गर्ने निर्णय गरियो।

**निर्णय नं ६**

प्रस्ताव नं ६ माथि छलफल गर्दा मिति २०८१।०९।१८ भएको निर्णय नं २ पुनरावलोकन गरी यस पालिकामा गाउँपालिका श्रोतबाट पारिश्रमिक खाने विद्यालय कर्मचारी, वालविकास र कार्यालय सहयोगीहरुको यहि शैक्षिक शत्र २०८१ (२०८१ साल चैत्र मसान्त) सम्म मात्र लागु हुने गरी साविककै सेवा सुविधा भुक्तानी गर्ने निर्णय गरियो।

**निर्णय नं ७**

प्रस्ताव नं ७ माथि छलफल गर्दा चालु आ ब २०८१।०८२ का लागि शहिद स्मृति गेट निर्माण नामक योजना स्वीकृत भएको र उक्त योजना ठाटीकाँध गाउँपालिका प्राथमिक स्वास्थ्य केन्द्र लकान्द्र जाने सडक र गाउँपालिका वजार क्षेत्र प्रवेश गर्ने सडकको मुल सडक क्षेत्रमा निर्माण गर्नको लागि श्री डिभिजन वन कार्यालय दैलेखलाई सिफारिस् गर्ने निर्णय गरियो।

Scanned with CamScanner

**निर्णय नं ८**

प्रस्ताव नं ८ माथि छलफल गर्दा ठाटीकाँध गाउँपालिका वडा नं ४ मा वसोवास गर्ने साहित्यकार श्री दिपीन कुमार सिजापती नेपालको विभिन्न ठाउँमा गई कविता वाचन गर्दै प्रथम स्थान हासिल गर्नुभएकोले उहाँलाई यस ठाटीकाँध गाउँपालिकाले चालु आ व को स्विकृत वार्षिक कार्यक्रम अन्तर्गत विविध खर्च बाट रु ३०००० (तिस हजार) पुरस्कार सहित प्रमाणपत्रले सम्मान गर्ने निर्णय गरियो।

Scanned with CamScanner